# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

# प्रतिवेदन

२०८१-०८२

त्रियुगा नगरपालिकाको कार्यालय,

त्रियुगा नगरपालिका

कोशी प्रदेश

जेठ २०८३

सहजकर्ता एवम् प्रतिवेदन

गीता अधिकारी

# विषयसूची


१ परिचय .......... 3

११ पृष्ठभूमि. .......... 3

१२ लैङ्गिक समान.ता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व .......... 4

१३ परीक्षणको उद्देश्य. .......... 5

१.४ लैससास परीक्षणले समेटने क्षेत्रहरु .......... 6

१.५ लैससास परीक्षणको विधि र तरिका .......... 7

१६ सहभागीहरूको विवरण. .......... 8

२ तथ्यांक प्रस्तुतिकरण .......... 8

२१. त्रियुगा नगरपालिकाको संक्षिप्त परिचय .......... 8

२२. त्रियुगा नगरपालिकामा लैससासको वर्तमान अवस्था .......... 9

२३ लैससास परीक्षणको नतिजा सारांश. .......... 10

३ तथ्याङ्क विश्लेषण .......... 13

३१ लैससास परीक्षण विश्लेषण औजारहरु. .......... 13

३२ तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण. .......... 14

४ मुख्य उपलब्धिहरूः .......... 15

४१ लैससासको अवस्था. .......... 15

४२ सूचकहरूले प्राप्त गरेका अंकहरूको लेखाजोखा. .......... 18

४३. लैससास परीक्षण नतिजाको माकुरे जालो चित्र .......... 20

४५ उप विषयक्षेत्रअनुसारको लेखाजोखा. .......... 22

४६ सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू. .......... 24

४७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना .......... 27

५ निष्कर्ष र सुझाव .......... 32

५१ निष्कर.्ष .......... 32

५२ सुझावहरू. .......... 34

अनुसूचि १ सूचक अनुसार प्राप्तांक -आ-२०८१ .व .०८२ .......... 35

अनुसूचि २ कार्यशालाका सहभागीहरू .......... 50

सन्दर्भ सामग्रीहरू .......... 51

# १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक शासन प्रणालीमार्फत समतामूलक समाज निर्माण गर्ने परिकल्पना गरेको छ। यस उद्देश्यलाई प्राप्त गर्न राज्यका सबै तह, निकाय र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का सिद्धान्तहरूलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा संस्थागत गर्नु आवश्यक रहेको छ। संविधानले राज्य सञ्चालन र विकास प्रक्रियामा सबै नागरिकको समान सहभागिता सुनिश्चित गर्दै सामाजिक न्यायमा आधारित समावेशी शासन व्यवस्थालाई प्राथमिकता दिएको छ।

नेपालको संविधानको धारा १८ ले समानताको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। उक्त व्यवस्थाअनुसार सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन। साथै, उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा, स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, आर्थिक अवस्था, क्षेत्र, विचार वा अन्य कुनै आधारमा विभेद गर्न नपाइने व्यवस्था गरिएको छ। यसले समान अवसर र गैर-विभेदको सिद्धान्तलाई राज्यको आधारभूत दायित्वका रूपमा स्थापित गरेको छ।

संविधानको धारा ३८ ले महिलाका अधिकारहरूलाई विशेष रूपमा सम्बोधन गरेको छ। यस अन्तर्गत महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागिताको अधिकार, सम्पत्ति तथा पारिवारिक मामिलामा समान अधिकार, साथै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका माध्यमबाट विशेष अवसर प्रदान गर्ने व्यवस्था गरिएको छ। महिलामाथि हुने सबै प्रकारका हिंसात्मक तथा भेदभावपूर्ण कार्यलाई कानूनबमोजिम दण्डनीय बनाउने संवैधानिक प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

त्यसैगरी, संविधानले सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपमा पछाडि परेका समुदायहरूको संरक्षण, सशक्तीकरण र विकासलाई राज्यको दायित्वका रूपमा स्वीकार गरेको छ। महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, आर्थिक रूपमा विपन्न नागरिक तथा पछाडि पारिएका क्षेत्रका बासिन्दाको उत्थानका लागि विशेष व्यवस्था गर्न सकिने संवैधानिक आधार निर्माण गरिएको छ। सामाजिक न्यायसम्बन्धी हकले राज्यका सबै तहमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै नागरिकको अर्थपूर्ण सहभागिताको अधिकारलाई समेत स्थापित गरेको छ।

संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाको कार्यक्षेत्रभित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई महत्वपूर्ण विषयका रूपमा

समेटेको छ। ऐनले स्थानीय तहलाई आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अभिलेखीकरण गरी उनीहरूको सामाजिक तथा आर्थिक उत्थानका कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी प्रदान गरेको छ।

यसका अतिरिक्त, स्थानीय तहलाई विभिन्न समुदायबीच सामाजिक सद्भाव, सहिष्णुता र सामाजिक एकता प्रवर्द्धन गर्ने, बालविवाह, बहुविवाह, दाइजो प्रथा, छुवाछूत, लैङ्गिक हिंसा, छाउपडी, बालश्रम, कमलरी प्रथा, मानव बेचबिखन लगायतका सामाजिक कुरीति तथा विभेदजन्य अभ्यासहरूको अन्त्य गर्न आवश्यक पहल गर्ने अधिकार तथा दायित्व तोकिएको छ। स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा महिला, दलित, पिछडिएको वर्ग तथा लक्षित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने तथा योजना छनोट गर्दा उनीहरूलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई प्राथमिकता दिने व्यवस्था पनि ऐनले गरेको छ।

नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समयदेखि आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, कानूनी व्यवस्था र विभिन्न विकास कार्यक्रममार्फत निरन्तर प्रयास गर्दै आएको छ। यस्ता प्रयासहरूले समावेशी शासन, सामाजिक न्याय तथा समान अवसरको सुनिश्चिततामार्फत समतामूलक समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्यलाई सुदृढ बनाउने अपेक्षा गरिएको छ।

संघीय सरकारले जेसी अडिट गाइडलाइन, प्रदेश सरकारहरूले समेत प्रदेश तहमा सञ्चालन गर्न गाइडलाइन, र स्थानीय तहहरूले समेत निर्देशिकाहरू बनाएर परीक्षण गर्ने गरेका छन् । त्रियुगा नगरपालिकाले स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण दिग्दर्शन २०७८ अनुसार परीक्षण गरेको पाइन्छ । यो परीक्षण समेत यीनै निर्देशिका तथा दिग्दर्शन अनुसार गरिएको छ ।

## १.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व

नेपालको संविधान, २०७२ ले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानले महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबै नागरिकको समान अधिकार, सहभागिता र अवसर सुनिश्चित गर्ने व्यवस्था गरेको छ। साथै, सामाजिक रूपमा पछाडि पारिएका तथा वञ्चित समुदायको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था गर्न सकिने संवैधानिक आधार समेत प्रदान गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका नीति, योजना, बजेट, कार्यक्रम तथा सेवा प्रवाहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, स्थानीय तहलाई महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्दै उनीहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी प्रदान गरेको छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) स्थानीय तहका नीति, योजना, कार्यक्रम, बजेट, संस्थागत संरचना तथा सेवा प्रवाहमा लैससासको अवस्था मूल्याङ्कन गर्ने महत्वपूर्ण माध्यम हो। यस परीक्षणले स्थानीय तहमा समावेशी विकासका लागि भएका प्रयास, उपलब्धि, चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गर्न सहयोग पुर्‍याउँछ।

साथै, परीक्षणले संविधान, प्रचलित कानून तथा राष्ट्रिय नीतिहरूले निर्देश गरेका प्रावधानहरूको कार्यान्वयन अवस्था समीक्षा गरी महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक तथा अन्य लक्षित समुदायको पहुँच, सहभागिता र लाभ सुनिश्चित गर्न आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्न मद्दत गर्दछ। यस प्रक्रियाबाट स्थानीय तहलाई थप उत्तरदायी, समावेशी, लैङ्गिकमैत्री र परिणाममुखी बनाउँदै समावेशी विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपालको संविधानले परिकल्पना गरेको समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि विद्यमान सबै प्रकारका विभेद, असमानता र उत्पीडनको अन्त्य आवश्यक रहेको छ। बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतालाई सम्मान गर्दै सामाजिक सद्भाव, सहिष्णुता, एकता र ऐक्यबद्धताको प्रवर्द्धन गर्नु राज्यको महत्वपूर्ण दायित्व हो। यस सन्दर्भमा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक तथा लैङ्गिक विभेदका साथै सबै प्रकारका छुवाछुत र बहिष्करणको अन्त्य गरी आर्थिक समानता, सामाजिक न्याय र समावेशी विकास सुनिश्चित गर्न स्थानीय तहका नीति, संरचना, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउनु अपरिहार्य छ। साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्दै स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत र दिगो बनाउन आवश्यक मार्गदर्शन तथा प्रणालीको विकास गर्नुपर्ने आवश्यकता रहेको छ । यस आवश्यकता पुरा गर्न समेत जेसी अडिटको महत्व रहेको छ ।

## १.३ परीक्षणको उद्देश्य

स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास/GESI) परीक्षणको मुख्य उद्देश्य नगरपालिकाले अवलम्बन गरेका नीति, कार्यक्रम, बजेट, योजना तथा संस्थागत अभ्यासहरूको विश्लेषण गर्दै लैससासलाई संस्थागत रूपमा सुदृढ, प्रभावकारी र उत्तरदायी बनाउन योगदान गर्नु हो। यस अन्तर्गत निम्न उद्देश्यहरू रहेका छन् ।

- त्रियुगा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणको अवस्था, आन्तरिकीकरणका लागि गरिएका प्रयास तथा प्रतिबद्धताको कार्यान्वयन स्थिति मूल्याङ्कन गर्नु।
- नगरपालिकाको संरचना, नीति, रणनीति तथा वार्षिक कार्ययोजनामा लैससासलाई विशेष प्राथमिकता दिइएको छ कि छैन भन्ने विश्लेषण गर्नु तथा आवश्यक मानव र वित्तीय स्रोतको सुनिश्चितताको अवस्था परीक्षण गर्नु।

- लैससास अडिटका आधारमा विद्यमान समस्या, चुनौती तथा लैससास ग्याप )GESI gaps) पहिचान गरी तिनको सम्बोधनका लागि पृष्ठपोषण प्रदान गर्नु र कार्ययोजना निर्माणमा सहजीकरण गर्नु।
- नगरपालिकाका सबै नीति, कार्यक्रम र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोण )GESI perspective) को समावेशको अवस्था परीक्षण गर्दै यसको संस्थागत अभ्यासलाई सुदृढ बनाउनु।
- विकास प्रक्रियामा साधन तथा स्रोतको न्यायोचित वितरण, परिचालन तथा लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी अभ्यासलाई प्रवर्द्धन गर्दै नगरपालिकालाई अझ समावेशी र उत्तरदायी बनाउन सहयोग गर्नु।

## १.४ लैससास परीक्षणले समेटने क्षेत्रहरु

स्थानीय तहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण दिग्दर्शन, २०७८ ले स्थानीय तहमा लैससास परीक्षण सञ्चालन गर्न आवश्यक नीति तथा मापदण्डहरू निर्धारण गरेको छ। यस दिग्दर्शनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना तथा मानव संसाधन व्यवस्थापन, सम्बन्ध विस्तार तथा दिगो विकासलगायत नेपाल सरकारका विभिन्न प्रतिबद्धताहरूलाई समेटिएको छ। दिग्दर्शन अनुसार लैससास परीक्षणका लागि पाँच वटा प्रमुख विषयगत क्षेत्र (मुख्य सूचकहरू) निर्धारण गरिएको छ र प्रत्येक क्षेत्रका लागि निश्चित अङ्कभारको व्यवस्था गरिएको छ। ती विषयगत क्षेत्रहरू नै यस परीक्षणले समेट्ने क्षेत्रहरू हुन् । जसलाइ निम्न अनुसार प्रस्तुत गरिएको छ ।

| **विषयगत क्षेत्र** | **अंकभार** | **उप—विषय क्षेत्रहरू** |
|---|---|---|
| नीति, कानून, योजना | २० | नीति तथा कानूनमा समावेशीता/सहभागिता, योजना तर्जुमा तथा कार्यान्वयन, बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत व्यवस्था | २० | कर्मचारी तथा पदाधिकारी प्रतिनिधित्व, कार्यप्रणाली समावेशी, समिति/उपसमितिमा प्रतिनिधित्व, वित्त व्यवस्थापन प्रणालीमा समावेशीता, तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन |
| मानव संसाधन तथा क्षमता विकास | २० | मानव संसाधन तथा क्षमता विकास, अनौपचारिक मूल्य—मान्यता तथा कुसंस्कार विरुद्ध जनचेतना, कानुनी साक्षरता |
| सेवा प्रवाह | २० | विपद् व्यवस्थापनमा समावेशीता, पूर्वाधार विकास, प्रजनन स्वास्थ्य, शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाइ, रोजगारी तथा आयआर्जन र बजार व्यवस्थापन |

| विषयगत क्षेत्र | अंकभार | उप–विषय क्षेत्रहरू |
|---|---|---|
| सुशासन तथा उत्तरदायित्व | २० | सुशासन, उत्तरदायित्व र जवाफदेहिता, सूचना तथा सञ्चार, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सम्बन्ध विस्तार |

## १.५ लैससास परीक्षणको विधि र तरिका

स्थानीय तहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ ले गरेको मार्गनिर्देशन बमोजिम यस परीक्षणको विधि र तरिका अवलम्बन गरिएको छ । जस अनुसार तयारी चरण, कार्यान्वयन चरण र प्रतिवेदन चरणहरू रहेका छन् ।का प्रकृयाहरू अन्तर्गत कार्यशाला गोष्ठीमार्फत सहभागीमूलक छलफल गरिएको थियो। सोही प्रक्रियाबाट सूचकहरूको आधारमा अंक प्रदान गर्दै परीक्षणको नतिजा प्रस्तुत गरिएको हो।

दिग्दर्शनमा उल्लेख भएको अंक प्रदान गर्ने विधिहरू अनुसार प्रत्येक सूचकको मूल्याङ्कन गर्दा उत्कृष्ट अवस्थाका लागि १ अंक, मध्यम अवस्थाका लागि ०.५ अंक र कमजोर अवस्थाका लागि ० अंक प्रदान गरिएको छ। कार्यशालाका सहभागीहरूले प्रत्येक सूचकमा प्रारम्भिक छलफल, आवश्यक प्रमाण सङ्कलन तथा विश्लेषण गरी सहमतिका आधारमा अन्तिम अंक निर्धारण गर्ने व्यवस्था गरिएको छ।

परीक्षणको तयारी चरण अन्तर्गत कार्यशाला गोष्ठी सञ्चालन पूर्व सहजकर्ता र लैससास परीक्षण कार्यदलबीच विस्तृत छलफल गरिएको थियो। यस क्रममा नगरपालिकाका वार्षिक योजना, बुलेटिन, पार्श्वचित्र, नगर कार्यपालिकाका तथा नगर सभाका आवश्यकताअनुसारका निर्णयहरू, संघीय तहबाट प्राप्त निर्देशनहरू, साथै गत आर्थिक वर्षको लैससास प्रतिवेदन लगायतका दस्तावेजहरूको लैससास दृष्टिकोणबाट विश्लेषण तथा पुनरावलोकन गरिएको थियो।

लैससाससँग सम्बन्धित अभिलेख तथा प्रमाणित कागजातहरू संकलन गरी नगरपालिकाको वार्षीक नीति तथा कार्यक्रम, बजेट तथा योजना कार्यान्वयनसम्बन्धी दस्तावेजहरूको पुनरावलोकन गरिएको छ । सो आधारमा सूचकगत प्रारम्भिक मूल्याङ्कन तयार पारेर प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको हो। कार्यशालामा लैससासका सबल पक्ष, सुधार गर्नु पर्नेपक्षहरू, अवसर र चुनैतिको विश्लेषण समेत गरि कार्ययोजनासमेत निर्माण गरिएको छ ।तत्पश्चात लैससास सम्पर्क व्यक्तिसँग थप अभिलेखहरूको अध्ययन तथा अंकन गरी मूल्याङ्कन परिष्कृत गरिएको थियो।

प्रस्तुत विषयगत क्षेत्रअन्तर्गतका मूख्य विषयक्षेत्र तथा समग्र सूचकहरूको मूल्यांकन अनुसार प्राप्त नतिजालाई विश्लेषणात्मक रूपमा म्याट्रिक्स तथा स्तम्भचित्र (bar chart) मार्फत दिग्दर्शनमा प्रस्तुत ढाँचा अनुसार यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

विश्लेषण पश्चात स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थालाइ सूचकहरूको प्राप्तांकको योगफलका अधारमा ४ तहमा वर्गीकरण गर्ने प्रावधान रहेको छ । जस अन्तर्गतः

८० भन्दा माथी अंक प्राप्त गर्ने — सर्वोत्तम

६० देखि ८० अंक सम्म प्राप्त गर्ने — उत्तम

४० देखि ६० सम्म अंक प्राप्त गर्ने — सामान्य

४० भन्दा कम अंक प्राप्त गर्ने — कमजोर ।

१.६ सहभागीहरूको विवरण

लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण कार्यशाला २०८३ जेठ ४ गते त्रियुगा नगरपालिको सभाहल गाइघाटमा सम्पन्न भयो । नगर पालिकाका उपप्रमुख महेश्वरी राइको समुपस्थितमा सम्पन्न कार्यशालामा नगरपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत कुमार कोइराला, विषयगत शाखाका प्रमुखहरू, कार्यालयका कर्मचारीहरू र सरोकारवालाहरू समेतको उपस्थिति रहेको थियो । परीक्षण कार्यशालाका सहभागीहरूको विवरण अनुसूचीमा २ मा संलग्न गरिएको छ भने संख्यात्मक विवरण निम्न अनुसार रहेको छ ।

| जम्मा सहभागी | महिला | पुरूष | अन्य |
|---|---|---|---|
| ४२ | २९ | १३ | ० |

## २ तथ्यांक प्रस्तुतिकरण

### २.१ त्रियुगा नगरपालिकाको संक्षिप्त परिचय

त्रियुगा नगरपालिका कोशी प्रदेश अन्तर्गत उदयपुर जिल्लाका तत्कालिन साविकका घाइघाट, देउरी र भुमरसुवा गाउँ विकास समितिहरूलाई समायोजन गरी वि.सं. २०५३ सालमा स्थापना भएको हो। हाल यस नगरपालिकामा १६ वटा वडा रहेका छन् र यसको कुल क्षेत्रफल ५४७.४३ वर्ग किलोमिटर रहेको छ। यस नगरपालिकाको पूर्वमा चौदण्डीगढी नगरपालिका, पश्चिममा उदयपुरगढी गाउँपालिका तथा सप्तरी जिल्ला, उत्तरमा रौतामाई गाउँपालिका र खोटांग जिल्ला तथा दक्षिणमा मधेश प्रदेशको सप्तरी जिल्ला पर्दछन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा २५,६२३ घरधुरी रहेका छन् । पालिकाको कूल जनसंख्या १,०२,७२५ रहेको छ, जसमध्ये ५४,२६२ (५२.८२ प्रतिशत) महिला र ४८,४६३ (४७.१७ प्रतिशत) पुरुष रहेका छन्। पाँच वर्ष उमेर माथीको साक्षर (लेख्न र पढ्न सक्ने) जनसंख्याको प्रतिशत ८० प्रतिशत रहेको छ । महिला साक्षरता ७४ प्रतिशत रहेको छ भने पुरूष साक्षरता ८६ प्रतिशत देखिन्छ । (राष्ट्रिय जनगणना २०७८) । यहाँ विभिन्न जातजाति, भाषा, धर्म तथा सांस्कृतिक समुदायहरूको बसोबास रहेको छ,

जसले नगरपालिकालाई सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तहका रूपमा चिनाउँछ। पालिकाको डिजीटल प्रोफाइल अनुसार नगरपालिकाको जनसंख्यालाइ तराइ आदिवासी जनजाति, पहाडी ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी, पहाडी आदिवासी जनजाती, तराइ ब्राम्हण, क्षेत्री, राजपुत, दलित, तराइ दलित, मुस्लिम र अन्य गरेर वर्गीकरण गरेको देखिन्छ । पालिकाको वस्तुगत विवरण अनुसार अपांगता भएको जनसंख्या १४६७ रहेको छ ।

त्रियुगा नगरपालिका मदनभण्डारी राजमार्गसँग जोडिएको छ र पालिकाका सबै वडा तथा मुख्य बस्तीहरू सडक सञ्जालसँग जोडिएका छन् ।भौगोलिक रूपमा चुरे, भित्री मधेश तथा पहाडी क्षेत्र समेटिएको यस नगरपालिकाको अधिकांश भूभाग कृषि तथा वन क्षेत्रले ओगटेको छ। कृषि यहाँका नागरिकहरूको प्रमुख जीविकोपार्जनको आधार हो। त्रियुगा यहाँको मुख्य नदी हो भने यसमा जोडिने सहायक खोलाहरूले यस पालिकाका जलस्रोतको रूपमा रहेका छन् ।

## २.२ त्रियुगा नगरपालिकामा लैससासको वर्तमान अवस्था

त्रियुगा नगरपालिको दिर्घकालीन सोच र मुख्य कार्यनीतिले नै समावेशी विकासलाइ प्रमुखतामा राखेको देखिन्छ । यस पालिकाको दीर्घकालीन सोच "स्वस्थ, शिक्षित, उद्यमशील हाम्रो शहरः समुन्नत, समावेशी र समृद्ध त्रियुगा नगर" रहेको छ भने मुख्य कार्यनीति "त्रियुगा नगरपालिकाको गति: समावेशी विकास, सुशासन र समृद्धि" भन्ने रहको छ । त्रियुगा नगरपालिकाले यही सोच र मुख्य कार्यनीतिलाइ आफ्नो विकासको मूल आधार मानेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तहरूलाई स्थानीय योजना, कार्यक्रम तथा सेवा प्रवाहमा क्रमशः मूलप्रवाहीकरण गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणलाई अगाडि बढाइरहेको छ।

नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि महत्वपूर्ण दुइ वटा नीति अवलम्बन गरी सो बमोजिम कार्यविधिहरू समेत निर्माण गरेको छ । पालिकाले लैङ्गिक नीति तथा कार्ययोजना र सासमाजिक समावेशीकरण नीति २०७९ देखि नै कार्यान्वयनमा ल्याएको छ । महिला सहकारीमा पोषणा सुधार सम्बन्धी कार्यविधि, विपन्न समुदायको सर्वांगिण विकास परियोजना, विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, वालमैत्री नगरपालिका घोषणा गर्न कार्यविधीहरू निर्माण गरेर कार्यान्वयनमा ल्याएको देखिन्छ ।

यी नीतिहरूको सम्बोधन गर्न वार्षिक नीति तथा कार्यक्रममा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिहरू अवलम्बन गर्ने र ती नीतिहरूको कार्यान्वयनका लागि बजेट व्यवस्था गरेको देखिन्छ ।

सांस्कृतिक तथा भौगोलिक विविधता रहेको यस नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरू स्थानीय विकास, सेवा प्रवाह तथा सहभागितामूलक शासनसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन्। लैससासको दृष्टिकोणले यस पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित बजेट शिर्षकमा विनियोजन गर्ने गरेको देखिन्छ ।

नगरपालिकाले अ.व. २०८१-८२ का लागि मुख्यतः निम्न नीतिहरू अवलम्बन गरेको छ । जसका लागि ३८ वटा शिर्षकमा बजेट समेत विनियोजन गरी कार्यान्वयन गरिएको छ ।

प्रस्तुत नीतिहरूमा जनप्रतिनिधि तथा सरोकारवालाहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता अभिवृद्धि गर्दै २०८३ भित्र त्रियुगा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने, बालश्रम, सडक बालबालिका तथा अनाथ बालबालिकाहरूको उद्धार, राहत तथा पुनःस्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

हिंसामा परेका महिलाहरूको तत्काल उद्धार, सुरक्षा तथा पुनःस्थापनासम्बन्धी सेवाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, नगरपालिकाका सबै वडामा रहेका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा आवश्यकताअनुसार सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर निर्माण तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने साथै गर्भवती महिलाहरूलाई जटिलता भई प्रसूति सेवाका लागि रेफर गर्नुपर्ने अवस्थामा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरी उक्त सेवालाई निरन्तरता दिइएको छ।

नियमित खोप, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण शिविर सञ्चालन, बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिँदै पोषणमैत्री नगरपालिका निर्माणका लागि आवश्यक पहल गरिने नीति अवलम्बन गरिएको  छ। मनोसामाजिक परामर्श  सेवा, महिलाको स्वास्थ्य अवस्थामा सुधार ल्याउन उपमेयर प्रजनन स्वास्थ्य कार्यक्रम, विभिन्न समुदायका महिलाहरूमा हुने आङ खस्ने समस्याको स्क्रिनिङ गरी पाठेघरसम्बन्धी रोगहरूको निदान, उपचार तथा आवश्यक शल्यक्रियाको व्यवस्था मिलाउने नीति लिइएको देखिन्छ । साथै, किशोरीमैत्री प्रजनन स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आवश्यक स्यानिटरी प्याड भेन्डिङ मेसिन (Vending Machine) को विस्तार गरिने नीति समेत लिइएको छ। यसरी हेर्दा नगरपालिका नीतिगत रूपमा लैङ्गिक समानताका लागि संवेदनशील भएर कार्य गरिरहेको देखिन्छ ।

## २.३ लैससास परीक्षणको नतिजा सारांश

त्रियुगा नगरपालिकाको आ.व. २०८१-०८२ को लैससास परीक्षणको नतिजा तथ्यांक निम्न अनुसार प्रस्तुत गरिएको छ । मुख्य विषयक्षेत्र अन्तर्गत रहेका उपविषय क्षेत्र तथा सूचकहरू अनुसूचिमा समेत राखिएको छ । तालिकामा मुख्य विषयक्षेत्र र उक्त क्षेत्र अन्तर्गतका उपविषयक्षेत्रको कूल नतिजा राखिएको छ ।

तालिका नं. १ मुख्य विषयक्षेत्र र उपविषय क्षेत्रको प्राप्तांक

| उपविषयक्षेत्रहरू | पूर्णांक | कूल प्राप्तांक |
|---|---|---|
| १ नीति, कानुन र योजना | २० | १४.५ |
| १.१ नीति र कानूनमा समावेशीता र सहभागिता | 8 | 5 |
| १.२ योजना तर्जुमा तथा कार्यान्वयन | 8 | ६.५ |
| १.२ बजेट तर्जुमा तथा कार्यान्वयन | 4 | 3 |

| | | |
|---|---|---|
| २ संस्थागत व्यवस्था | २० | १३.५ |
| २.१ कर्मचारी पदाधिकारी प्रतिनिधित्व | 4 | 3 |
| २.२ समावेशी कार्यप्रणाली | 4 | 3 |
| २.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | 4 | 2.5 |
| २.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | 4 | 2.5 |
| २.५ तथ्याङ्क सङ्कलन र व्यवस्थापन | 4 | 2.5 |
| ३ मानव संशाधन तथा क्षमता विकास | २० | १३ |
| ३.१ मानव संसाधन तथा क्षमता विकास | 8 | ६ |
| ३.२ अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | 4 | 3 |
| ३.३ कानूनी साक्षरता | 4 | 2 |
| ३.४ विपद् व्यवस्थापनमा समावेशीता | 4 | 2 |
| ४ सेवा प्रवाह | २० | १४ |
| ४.१ पूर्वाधार विकास | 4 | 3 |
| प्र४.२ जनन स्वास्थ्य | 4 | 3 |
| ४.३ शिक्षा कार्यक्रम | 4 | 2.5 |
| ४.४ खानेपानी तथा सरसफाइ | 4 | 3 |
| स्व४.५ रोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | 4 | ३ |
| ५ सुशासन तथा उत्तरदायित्व | २० | १३.५ |
| ५ सुशासन | 4 | 3 |
| ५.१ उत्तरदायित्व र जवाफदेहिता | 4 | 2.5 |
| ५.२ सूचना तथा सञ्चार | 4 | 3 |
| ५.३ अनुगमन तथा मूल्याङ्कन | 4 | २.५ |
| ५.४ समन्वय र सम्बन्ध विस्तार | 4 | 2.5 |
| ५.५ कूल जम्मा | १०० | ६९ |

परीक्षणको सूचकका आधाधरमा जम्मा ६९ अंक प्राप्त भएको छ । जसमा नित, कानुन र योजनामा १४.५, संस्थागत व्यवस्थामा १३.५, मानव संशाधन तथा क्षमता विकासमा १३, सेवा प्रवाहमा १४ र सुशासन तथा उत्तरदायित्वमा १३.५ प्राप्त भएको छ । ४-४ पूर्णाक भएका सूचकहरूमध्ये कानुनी साक्षरता र विपद् व्यवस्थापनमा समावेशीता क्षेत्रमा २, २ अंक प्राप्त भएको देखिन्छ, बाँकी ७ वटा विषयक्षेत्रहरूमा २.५ र १० वटा विषयक्षेत्रहरूमा ३ अंक प्राप्त भएको छ । ८ वटा सूचक भएका ३ वटा विषयक्षेत्रहरू नीति र कानुनमा समावेशीता र सहभागितामा ५, योजना तर्जुमा र कार्यान्ववयनमा ६.५ र मानव संशाधन तथा क्षमता विकासमा ६ अंक प्राप्त भएको देखिन्छ । यी प्राप्तांकका आधारमा लैससासको विश्लेषण खण्ड र मुख्य उपलब्धी खण्डमा विभिन्न उपशिर्षकहरू र प्राप्तांकको विश्लेषणात्मक चार्टहरू र भावी कार्ययोजनाहरूमा विस्तृत रूपमा प्रस्तुत गरिएको छ । सूचक अनुसारको प्राप्तांक अनुसूची १ मा संलग्न गरिएको छ ।

# ३ तथ्याङ्क विश्लेषण

## ३.१ लैससास परीक्षण विश्लेषण औजारहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षणलाई वस्तुगत, सहभागितामूलक तथा प्रमाणमा आधारित बनाउन विभिन्न उपशीर्षकअन्तर्गत सम्बन्धित विषयक्षेत्रका सूचकहरू लैससास दिग्दर्शनमा उल्लेख भएको परीक्षण पद्दति अवलम्बन गरिएको छ । दिग्दर्शनमा उल्लेख भएका कार्यविधि अनुसासरका सूचकहरूको, संस्थागत विश्लेषण, कार्ययोजना निर्माण भएको छ । त्रियुगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विश्लेषण तथा नतिजा निर्धारणका लागि मुख्य रूपमा अवस्था विश्लेषण (SWOT Analysis), समूह छलफल तथा सन्दर्भ सामग्री पुनरावलोकन विधि (औजार) हरू अवलम्बन गरिएको थियो।

अवस्था विश्लेषण (SWOT Analysis)

परीक्षण प्रक्रियामा नगरपालिकाको नीति, कानुन, योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, सुशासन तथा उत्तरदायित्वका पक्षहरूको GESI दृष्टिकोणबाट समग्र विश्लेषण गरिएको थियो। यस क्रममा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणा सम्बन्धी देखिएका सबल पक्ष (Strengths), सुधार गर्नुपर्ने पक्ष (Weaknesses), सम्भावना तथा अवसरहरू (Opportunities) र चुनौतीहरू (Threats) पहिचान गरी समूहगत रूपमा विश्लेषण तथा प्रस्तुतीकरण गरिएको थियो।

समूह छलफल

परीक्षण प्रक्रियामा सहभागी सरोकारवालाहरूबीच सञ्चालन गरिएको समूह छलफलबाट प्राप्त सुझाव, अनुभव तथा धारणाका आधारमा सूचकहरूको विश्लेषण र अंक निर्धारण कार्यलाई थप सहभागितामूलक तथा यथार्थपरक बनाइएको थियो। सहभागीहरूको स्वतन्त्र अभिव्यक्ति र साझा सहमतिले प्राप्त नतिजाको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुर्‍याएको थियो। GESI परीक्षणका १०० वटा सूचकमा अंक प्रदान गर्दा सहभागीहरूबीच विस्तृत छलफल गरी सहमतिका आधारमा अंक निर्धारण गरिएको थियो।

सन्दर्भ सामग्री पुनरावलोकन

GESI परीक्षणका सूचकहरूमा प्रदान गरिएको अंकको पुष्टि तथा प्रमाणीकरणका लागि नगरपालिकामा उपलब्ध नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका, आवधिक योजना, वार्षिक तथा आवधिक प्रगति प्रतिवेदन, नगर कार्यपालिकाका तथा नगरसभाका निर्णयहरू, विषयगत शाखाबाट सञ्चालित कार्यक्रम तथा क्रियाकलापसम्बन्धी अभिलेख, प्रस्ताव तथा निर्णयहरू लगायतका सन्दर्भ सामग्रीहरूको अध्ययन तथा पुनरावलोकन गरिएको थियो। पुनरावलोकनका क्रममा नगरपालिकाद्वारा निर्माण गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी दस्तावेजहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रति संवेदनशील रहेको, साथै नगरसभा तथा कार्यपालिकाका निर्णयहरूमा समेत समावेशी दृष्टिकोण अवलम्बन गरिएको पाइएको थियो। त्यसैगरी संघीय

सरकार तथा अन्य स्रोतबाट प्राप्त अनुदानमार्फत सञ्चालन गरिएका कार्यक्रमहरूको कार्यान्वयन तथा उपलब्धि प्रतिवेदनलाई समेत आधार मानी प्राप्ताङ्क निर्धारण गरिएको थियो।

## ३.२ तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण

लैससास परीक्षणका मुख्य ५ वटा विषयक्षेत्रहरू भित्रका २२ वटा सहायक विषयक्षेत्र अन्तर्गत रहेका १०० वटा सूचकका आधारमा प्राप्त अंक नै यस विष्लेषणका मुख्य विषयक्षेत्रहरू हुन् । सूचक अनुसार अधिकतम प्राप्तांकको योगफल १०० रहने हुँदा हुँदा प्राप्त अंकलाइ १०० प्रतिशतको मापदण्डमा राखेर माकुरी जालो (Radar Chart) र स्तम्भ चित्र (Bar Chart) मार्फत तथ्यांक प्रस्तुत गरिएको छ। मूल्याङ्कनले औंल्याएका सबल पक्षहरूलाई निरन्तरता दिँदै कमजोर पक्षहरूमा सुधार ल्याउने गरी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धनका लागि एउटा एकीकृत कार्ययोजना तयार पारिएको छ।

तालिका नं. २ तथ्यांकको तुलनात्मक प्रस्तुति (अघिल्लो वर्षहरूसँगको तुलना)

| क्र.सं. | मुख्य विषयक्षेत्र | पूर्णाङ्क | कुल प्राप्ताङ्क | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. ७९-८० | प्रतिशत | आ.व. ८०/८१ | प्रतिशत | आ.व. ८१/८२ | प्रतिशत |
| १ | नीति, कानुन र योजना | २० | १२ | ६० | १४ | ७० | १४.५ | ७२.५ |
| २ | संस्थागत व्यवस्था | २० | १४ | ७० | १३ | ६५ | 13.5 | ६७.५ |
| ३ | मानव संशधन तथा क्षमता विकास | २० | १३.५ | ६७.५ | १३ | ६५ | 13 | ६५ |
| ४ | सेवा प्रवाह | २० | १४ | ७० | १४ | ७० | १४ | ७० |
| ५ | सुशासन र उत्तरदायी | २० | ११ | ५५ | १३ | ६५ | १३.५ | ६७.५ |
| | | १०० | ६३ | ६३ | ६७ | ६७ | ६९ | ६९ |

विश्लेषणका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्राप्तांक प्रतिशत ६९ रहेको छ । यो अवस्था उत्तम अवस्था हो ।अघिल्लो वर्षहरूको तुलनामा लैससास सूचकहरूको कार्यान्वयन क्रमशः बढ्दै गएको देखिन्छ । आ.व. ७९-८० मा कूल प्राप्तांक ६३ प्रतिशत रहेको छ भने, आ.व. ८०/८१ मा ६७ प्रतिशत पुगेको छ, यो आ.व. मा ६९ प्रतिशत प्राप्तांक पुगेको देखिन्छ । अघिल्लो वर्षसँग मानव संशाधन र क्षमता विकास र सेवा प्रवाहको प्राप्तांक समान देखिन्छ । पालिकाका नीति, विधि, क्षमता विकास र बजेटले समेत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बढाउन खोजेको देखिन्छ

# ४ मुख्य उपलब्धिहरू:

## ४.१ लैससासको अवस्था

नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाइ पालिकाको विकासको महत्वपूर्ण पक्षको रूपमा लिएको छ । पालिकाले लैससासका विषयवस्तु र विषयक्षेत्र नीति, योजना र बजेट मार्फत समुदाय तहसम्म नै समेट्न खोजेको देखिन्छ । यद्यपी, बजेटको सीमितताले गर्दा सबै ठाउँका लक्षित समुदायलाइ समेट्न निरन्तर कार्य गर्नुपर्ने देखिन्छ । परीक्षणको क्रममा देखिएका मुख्य उपलब्धिहरू (जसले पूर्ण अंक प्राप्त गरेका छन्) लाइ मुख्य विषयक्षेत्रहरूका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ मुख्य विषयक्षेत्र अनुसारका उपलब्धीहरू

| मुख्य विपयक्षेत्र | उपलब्धिहरू |
|---|---|
| नीति, कानुन र योजना | • नगरपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भएको ।<br>• संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा बञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको।<br>• आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरेको ।<br>• नगरपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरेको<br>• योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरेको ।<br>• योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको साथै महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी योजना बन्ने गरेको ।<br>• उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिने गरिएको ।<br>• स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको र सो को कार्यान्वयन भएको । |

| | |
|---|---|
| संस्थागत क्षमता विकास | • कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको ।<br>• जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाइ क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमाम परेका समुदायलाइ पहिलो प्राथमिकता दिइ सबैलाइ समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तथा उक्त नीति कार्यान्वयन गर्ने गरिएको महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहेको<br>• पालिकामा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी जिम्मेवारी दिइएको ।<br>• पालिकामा गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था गरिएको ।<br>• पालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गरेको । |
| मानव संशधन तथा क्षमता विकास | • पालिकाका पदाधिकारी/कमर्चारी/ लक्षित समूहले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा निवारणसम्बन्धी तालिम लिएको र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने गरिएको ।<br>• पालिकामा महिला तथा लक्षित समुहका पदाधिकारीको क्षमता अभिवृध्दिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण आदिमा वजेट विनियोजन भइ कार्यक्रम सञ्चालन भएको<br>• पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम सञ्चालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भएको<br>• महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको<br>• नगरपालिकाले महिला विरुध्द हुने सबै प्रकारका हिंसा न्यूनीकरण गर्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको । महिला हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन गर्न बजेट विनियोजन गर्ने गरेको, साथै वडा तहको बजेटमा समेत यस्ता गतिविधिहरू समावेश गर्ने गरिर्को । |
| सेवा प्रवाह | • पालिकाले महिला लगायत लक्षित समुदायलाई लक्ष गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालन गर्ने गरेको । |

| | |
|---|---|
| | • परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू (सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने लगायतका विषयहरू सञ्चालन गरेको ।<br>• महिला, आर्थिकररूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरेको तथा सोको कार्यान्वयन गरेको ।<br>• पालिकाले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाएको ।<br>• आवधिक योजना बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको ।<br>• स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरेको ।<br>• १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधानसहित विकृति दिने गरेको तथा सो बमोजिम निर्माण कार्य हुने गरेको । |
| सुशासन र उत्तरदायित्व | • पालिकाले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/समितिबाट निर्णय गरी कार्य गर्ने गरेको<br>• संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरूपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गरेको । बालमैत्री नगर बनाउन नीति, योजना तथा बजेट विनियोजन गर्ने गरेको । |

| | |
|---|---|
| | • पालिकाले सञ्चालन गरेका कार्यक्रमको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको ।<br>• नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरेको र महिला, लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरेको ।<br>• स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरेको<br>• अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरी वार्षीक योजनामा समावेश गर्ने गरेको ।<br>• संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको |

## ४.२ सूचकहरूले प्राप्त गरेका अंकहरूको लेखाजोखा

लैससास परीक्षणका मुख्य विषयक्षेत्र अनुसारको प्राप्तांकको अवस्था निम्न अनुसार देखिएको छ छ। जसमा ५ वटा मुख्य विषयक्षेत्र भित्र २२ वटा उपविपयक्षेत्रहरू रहेका छन् । प्रत्येक विषयक्षेत्रको कूल पूर्णांकसमान अर्थात २० वटा नै रहेको छ । यद्यपी नीति तथा कानुन र योजना अन्तर्गत २ वटा उपविपयक्षेत्रका सूचकहरू ८-८ वटा रहेको छ ।

तालिका नं. ४ सूचक र उपसूचक अनुसार प्राप्तांक

| मुख्य विपय क्षेत्र | सूचक र उपसूचकहरु - | पूर्णाङ्क | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| नीति, कानुन र योजना | १— १.१. १— १.२.१ ,८.१. १— १.३.१ ,८.२. १४.३. | २० | १४.५ |
| संस्थागत व्यवस्था | २— १.१. २— १.२.२ ,४.१. २— १.३.२ ,४.२. २— १.४.२ ,४.३. २— १.५.२ ,४.४. २४.५. | २० | १३.५ |
| मानव संशधन तथा क्षमता विकास | ३— १.१. ३— १.२.३ ,८.१. ३— १.३.३ ,४.२. ३— १.४.३ ,४.३. ३४.४. | २० | १३ |
| सेवा प्रवाह | ४— १.१. ४— १.२.४ ,४.१. ४— १.३.४ ,४.२. ४— १.४.४ ,४.३. ४— १.५.४ ,४.४. ४४.५. | २० | १४ |

| | | | |
|---|---|---|---|
| सुशासन र उत्तरदायीत्व | ५— १.१. ५— १.२.५ ,४.१. ५— १.३.५ ,४.२. ५— १.४.५ ,४.३. ५— १.५.५ ,४.४. ५४.५. | २० | १३.५ |
| | **जम्मा** | १०० | ६९ |

तालिका नं. ५ उपविषयक्षेत्र अनुसार प्रासांक तालिका


| उपविषयक्षेत्रहरू | पूर्णांक | प्रासांक र सूचकहरूको संख्या | | | कूल प्रासांक |
|---|---|---|---|---|---|
| | | ० | ०.५ | १ | |
| १ नीति, कानुन र योजना | २० | | १० | १० | १४.५ |
| १.१ नीति र कानूनमा समावेशीता र सहभागिता | 8 | ० | ६ | २ | 5 |
| १.२ योजना तर्जुमा तथा कार्यान्वयन | 8 | ० | २ | ६ | ६.५ |
| १.२ बजेट तर्जुमा तथा कार्यान्वयन | 4 | ० | २ | २ | 3 |
| २ संस्थागत व्यवस्था | २० | | १३ | ७ | १३.५ |
| २.१ कर्मचारी पदाधिकारी प्रतिनिधित्व | 4 | ० | २ | २ | 3 |
| २.२ समावेशी कार्यप्रणाली | 4 | ० | २ | २ | 3 |
| २.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | 4 | ० | ३ | १ | 2.5 |
| २.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | 4 | ० | ३ | १ | 2.5 |
| २.५ तथ्याङ्क सङ्कलन र व्यवस्थापन | 4 | ० | ३ | १ | 2.5 |
| ३ मानव संशाधन तथा क्षमता विकास | २० | | १४ | ६ | १३ |
| ३.१ मानव संसाधन तथा क्षमता विकास | 8 | ० | ४ | ४ | ६ |
| ३.२ अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | 4 | ० | २ | २ | 3 |
| ३.३ कानूनी साक्षरता | 4 | ० | ४ | ० | 2 |
| ३.४ विपद् व्यवस्थापनमा समावेशीता | 4 | ० | ४ | ० | 2 |
| ४ सेवा प्रवाह | २० | | १३ | ७ | १४ |
| ४.१ पूर्वाधार विकास | 4 | ० | २ | २ | 3 |
| प्र४.२ जनन स्वास्थ्य | 4 | ० | २ | २ | 3 |
| ४.३ शिक्षा कार्यक्रम | 4 | ० | ३ | १ | 2.5 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.४ खानेपानी तथा सरसफाइ | 4 | ० | ४ | ० | 3 |
| स्व४.५ रोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | 4 | ० | २ | २ | ३ |
| ५ सुशासन तथा उत्तरदायित्व | २० | | १३ | ७ | १३.५ |
| ५ सुशासन | 4 | ० | २ | २ | 3 |
| ५.१ उत्तरदायित्व र जवाफदेहिता | 4 | ० | ३ | १ | 2.5 |
| ५.२ सूचना तथा सञ्चार | 4 | ० | २ | २ | 3 |
| ५.३ अनुगमन तथा मूल्याङ्कन | 4 | ० | ३ | १ | २.५ |
| ५.४ समन्वय र सम्बन्ध विस्तार | 4 | ० | ३ | १ | 2.5 |
| **कूल जम्मा** | **१००** | **०** | **६३** | **३७** | **६९** |

प्रस्तुत तालिकामा प्राप्तांकका आधारमा सूचकहरूको संख्या प्रस्तुत गरिएको छ । जसले गर्दा कुन सूचकहरूको सुधार गर्न बढी काम गर्नु पर्ने र कुन सूचकहरूलाइ सुधार गर्दै निरन्तरता दिनुपर्ने भन्ने कार्ययोजनामा उल्लेख गर्न सकिन्छ । देखिएको प्राप्तांकलाइ विश्लेषण गर्ने हो भने ०.५ ल्याउने सूचकहरूको संख्या ६३ छ भने १ पूर्णांक प्राप्त गर्न सूचकको संख्या ६९ रहेको छ ।१ अंक प्राप्त गर्ने नीति, कानुन र योजना अन्तर्गतका सूचकहरूमा १०, संस्थागत व्यवस्थामा ७, मानव संसाध तथा क्षमता विकासमा ६, सेवा प्रवाहमा ७ र सुशासन तथा उत्तरदायित्वमा ७ वटा रहेका छन् । यी सूचकहरूमा प्रायः अघिल्लो वर्षको प्राप्तांकमा समान छन् भने केही सूचकहरूमा सुधार भएको देखिन्छ । ५ वटा मुख्य विषयक्षेत्रमा रहेका १०० वटा सूचकहरूमा कुनै पनि सूचकमा ० प्राप्तांक देखिँदैन ।


## ४.३ लैससास परीक्षण नतिजाको माकुरे जालो चित्र

प्राप्तांकका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणाका विषयक्षेत्रलाइ माकुरे जालोमा निम्न अनुसार हेर्न सकिन्छ । नीति, कानुन र योजनामा १४.५, संस्थागत व्यवस्थामा १३.५, मानव संशाधन तथा क्षमता विकासमा १३, सेवा प्रवाहमा १४ र सुशासन तथा उत्तरदायी क्षेत्रमा १३.५ प्राप्त भएको छ ।





माकुरे जालोमा हेर्दा सूचकहरूमा भएको प्राप्तंकको योगफल १३ देखि १४.५ सम्म रहेको छ । अघिल्लो वर्षको तुलनामा समग्र सूचकहरूको योगफल २ नं ले बढेको छ । अघिल्लो वर्ष देखि नै यस पालिकाको योगफल उत्तम अर्थात (६० देखि ८० प्रतिशत सम्म) रहेकोछ ।


## ४.४ मुख्य विषयक्षेत्र अनुसार प्राप्तांक स्तम्भ चित्र



## ४.५ उप विषयक्षेत्रअनुसारको लेखाजोखा




उप विषयक्षेत्र अनुसार लेखाजोखाः प्राप्तांक लाइ तपसिल अनुसार तुलनात्मक रूपमा बार डायग्राममा समेत प्रस्तुत गरिएको छ ।


समन्वय र सम्बन्ध विस्तार
अनुगमन तथा मूल्याङ्कन
सूचना तथा सञ्चार
उत्तरदायित्व र जवाफदेहिता
सुशासन
स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन
खानेपानी तथा सरसफाइ
शिक्षा कार्यक्रम
प्रजनन स्वास्थ्य
पूर्वाधार विकास
विपद् व्यवस्थापनमा समावेशीता
कानूनी साक्षरता
अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध–
मानव संसाधन तथा क्षमता विकास
तथ्याङ्क सङ्कलन र व्यवस्थापन
वित्त व्यवस्थापन प्रणालीमा समावेशीता
समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
समावेशी कार्यप्रणाली
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
बजेट तर्जुमा तथा कार्यान्वयन
योजना तर्जुमा तथा कार्यान्वयन
नीति र कानूनमा समावेशीता र सहभागिता
प्राप्तांक
पूर्णांक

## ४.६ सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू

पालिकाको लैससास सम्बन्धी विश्लेषण, लेखाजोखा गरी कार्यशालामा सहभागीहरूबाट समूहगत रूपमा प्रस्तुत भएको विश्लेषणलाइ यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । यसमा मुख्यत सबलपक्षहरू, सुधार गर्नुपर्ने पक्षहरू, अवसर चुनौतीको विश्लेषण (SWOT Analysis) गरिएको छ । सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरू पालिकाको आन्तरिक पक्षहरू अन्तर्गत रहेका छन्, जसलाइ पालिकाले निर्णय, नीति तथा कार्यक्रमले तत्काल सम्बोधन गर्न सक्दछ । पालिकाले उद्देश्य पुरा गर्न नीतिहरू निर्माण गरी अवसरहरूको सदुपयोग गर्न सक्दछ । साथै, सम्भावित चुनैतिको विश्लेषण गरी तीनको समाधान गर्न रणनीतिहरू अवलम्बन गर्न पर्ने हुन्छ । विषयक्षेत्रअनुसारको विश्लेषणमा देखिएका परिणाम एकअर्कासँग सम्बन्धित देखिएको हुँदा विश्लेषणका नतिजाहरू सबल पक्ष, सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौतीहरूलाइ उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

**सबल पक्षहरू**

लैससासको दृष्टिकोणले नगरपालिकाले गरेका कामहरू प्रष्ट रूपमा अनुभूति गर्न सकिने खालका देखिन्छन् । पालिकाले निर्माण गरेका लैससाससँग सम्बन्धित नीतिहरू, वार्षिक नीति तथा कार्यक्रमहरू तथा बार्षिक बजेट अन्तर्गत लैससास शिर्षकअन्तर्गतको विनियोजन गर्ने प्रचलन पालिकाका सबल पक्षहरू हुन् ।साथै विश्लेषणको चरणमा पूर्णांक प्राप्त गर्न सफल सबै सूचकहरू पालिकाका सबल पक्षको रूपमा देखिन्छन्, यद्यपी यी सूचकहरूको परिणाम वार्षिक रूपमा हेरफेर हुनसक्दछ । पालिकाको वडातहसम्मको विनियोजित बजेटले लैससालाइ शिर्षकगत रूपमा समेट्न सक्नु पालिको सबल पक्ष देखिन्छ । पालिकाले गरेका कामहरूलाइ समेत उल्लेख गर्दै सबल पक्षहरूलाइ बुँदागत रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- लैससास सम्बन्धि नीतिहरू, निर्देशिका तथा कार्यविधिहरूको भएको ।
- वार्षिक नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणा शिर्षक अन्तगर्त बजेट विनियोजन भएको ।
- पालिकाले वस्तुगत विवरणहरू डिजीटल रूपमा राख्ने गरेको ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्यविधिहरूको निर्माण गरिएको ।
- उपभोक्ता समितिहरूको गठन र कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता रहेको
- लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरिएको ।
- बालमैत्री नगरपालिका बनाउने नीति बजेट र कार्ययोजना निर्माण गरिएको ।
- स्पष्ट सांगठनिक संरचना र कार्य विभाजन गरिएको ।
- विषयगत क्षेत्रमा दक्ष र अनुभवी कर्मचारी उपलव्ध भएका ।
- महिला, अपांगता तथा बालमैत्री भौतिक संरचना निर्माण हुन शुरू भएको, कार्यालयमा महिला र पुरूष कर्मचारीको छुट्टा छुट्टै चर्पीको व्यवस्था भएको र स्तनपान कक्षहरू निर्माण गरिँदै गरेको ।

## सुधार गर्नुपर्ने पक्षहरू

नगरपालिकाका सबल पक्षहरूसँग सँगै सुधार गर्नु पर्ने पक्षहरू समेत देखिएका छन् । यीनीहरू विषयगत क्षेत्र अनुसार, नीति, कार्यक्रम, बजेटको सिमीतता, क्षमता विकाससँग सम्बन्धित र कार्यान्वयनसँग अलि बढी सम्बद्ध देखिन्छन् ।

- नीति तथा कानूनको मस्यैदा तयार गर्न कार्यटोली गठन गर्ने
- बञ्चितिकरणमा परेका समुदायको प्रतिनिधी तथा सरोकारवालहरूसँग नियमित रूपमा सुझाव लिने
- लैससास सम्वन्धी कानूनहरूको विषायहरूमा कर्मचारी , प्रतिनिधी र सरोकारवालाहरू;सँग अभिमूखीकरण गर्ने।
- स्थानिय कानून निर्माणका बखत सरोकारवालाहरूसँग सुझाव लिइ सवीकृतीको लागि पेश गर्ने ,
- कर्मचारीहरुका लागित पर्याप्त तालिमको व्यवस्था गर्नु पर्ने
- आधुनिक प्रकृधी र डिजिटल प्रणालीको प्रयोग गर्नुपर्ने ।
- आन्तरिक सञ्चार र समन्वयलाइ अझ बलियो बनाउनु पर्ने ।
- दक्ष जनशक्तिको विकास गर्ने
- पदाधिकारी र कर्मचारीहरूलाइ नियमित रूपमा क्षमता विकास सम्वन्धी अभिमूखीकरण गराउने ।
- क्षमता विकास योजना अद्यावधिक गर्ने र कार्यान्वय
- लैंससास दृष्टिकोणबारे अभिमुखिकरण गर्ने ।
- स्तनपान तथा सुत्केरी आमा कक्ष हुनु पर्ने
- नितीगत रूपमा समयको निर्धारणा गर्नुपर्ने
- यौन शोषण तथा दुर्वयवहार नियन्त्रणसम्वन्धी निती निर्माणामा जोड दिनुपर्ने
- आचार संहिता सम्वन्धी अनुशिक्षण कार्यक्रम संचालन गर्नु पर्ने
- गर्भवती तथा सुत्केरी कर्मचारीको लागि लचकता (समय)व्यवस्थापन गर्नु पर्ने

## अवसरहरू

लैससासको मूल प्रवाहीकरणका लागि नगरपालिकासँग निम्न अनुसार अवसरहरू रहेका देखिन्छन् ।यी अवसरहरू पालिकाको लैससास मूल प्रवाहीकरण गर्न सहयोगी हुन सक्ने देखिन्छ ।

- नेपालले अन्तर्राष्ट्रिय तहमा गरेका मानवअधिकार महासन्धीहरू लगायतको कार्यान्वयनका लागि गरेका प्रतिवद्धता, दिगो विकास लक्षहरू र यसको कार्यान्वयनको प्रतिबद्धता ।
- नेपालको संविधान र यसमा अन्तरनीहित प्रावधानहरू (स्थानीय तहका संवैधानिक अधिकारहरू, महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित लगायतका समूहगत हक अधिकारहरू, समानताको हक, सामाजिक न्यायका विषयहरू)

- स्थानीय सरकार सञ्चालन एन र यसमा रहेका लैससासको मूलप्रवाहीकरणा गर्ने, सामाजिक उत्तरदायित्व वहन गर्ने प्रावधानहरू
- तीन तहका सरकार र बजेट अनुदान (संघीय सरकारबाट प्राप्त हुने बजेट, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र स्थानीय तहले स्वयं परिचालन गर्न सक्ने राजश्व तथा करहरू)
- संघसंस्थाहरूको उपस्थिति (सामाजिक विकासका लागि गठन भएका संघ संस्थाहरू र यीनीहरूसँग साझेदारी गर्न सकिने अवसर ।
- डीजीटल प्रविधिको बढ्दो प्रयोग र बस्तीतहसम्म सञ्चारको पहुँच ।
- पालिकामा रहेका टोल विकास संस्थाहरू, अन्य विषयगत संस्था तथा सञ्जालहरू ।

## चुनौती

- बजेट स्रोतको सिमितताका कारण सबै वडा तथा समान रूपले सबै बस्ति तहमा बजेटले सम्बोधन गर्न नसक्नु
- मनसूनजन्य विपदका कारण सेवा प्रवाहमा कठिनाइ हुने ।
- नीति नियम वा सरकारी कार्य प्रणालीमा हुने परिवर्तनले स्थानीय तहको सेवा प्रवाहमा असर पुग्ने ।
- लैससास सम्बन्धी बजेट विनियोजनका बारे बुझाइको सीमितता रहेको ।

## ४.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

पालिको लैससासको विकास र मूल प्रवाहीकरण गर्न निम्न अनुसार कार्ययोजना निर्माण गरिएको छ ।

| क्र. सं. | क्रियाकलाप | जिम्मेवारी | | | थप दायित्व पर्ने वा नपर्ने | |
|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णय कर्ता | कार्यान्वयन कर्ता | समयावधि | थप दायित्व |
| १ | **नीति, कानुन र योजना** | | | | | |
| १.१ | विद्यमान नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा योजनाहरूको लैससास दृष्टिकोणबाट समीक्षा गरी सुधार तथा परिमार्जन गर्ने। | लैससास कार्यान्वयन समिति | नगरपालिका | सामाजिक विकास शाखा | चालु आ.व.को अन्त्य सम्म | नपर्ने |
| १.२ | लैससास प्रभाव विश्लेषण तथा परीक्षण गर्ने तथा गर्भवति तथा सुत्केरी कर्मचारीका लागि समयको लचकता | लैससास कार्यान्वय समित | नगरपालिका | सामाजिक विकास शाखा | | पर्ने |
| १.३ | महिला, बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य लक्षित वर्गमाथि हुने विभेद अन्त्य गर्ने प्रावधानहरू कार्यान्वयन गर्ने | लैससास कार्यान्वयन समिति | नगरपालिकाको कार्यालय | सामाजिक विकास शाखा | | |
| १.४ | समान कामको समान ज्यालाको निर्णय गर्ने र कार्यान्वयनको अनुगमन गर्ने । | लैससास कार्यान्वयन समिति | नगरपालिका | वडा कार्यालय | | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.५ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण प्रक्रियामा लैससास विश्लेषणका आधारमा महिला, बालबालिका तथा लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गर्ने। | सामाजिक विकास शाखा (महिला बालबालिका उपशाखा) | नगरपालिका | नगरपरिषद |  | नपर्ने |
| १.६ | लैससास परीक्षणबाट प्राप्त सुधारका सुझाव कार्यान्वयन गर्न क्षमता विकास कार्ययोजना तयार गरी वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश तथा कार्यान्वयन गर्ने। | लैससास कार्यान्वयन समिति | नगरपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत |  | नपर्ने |
| १.७ | महिलाका अवश्यकताको पहिचान गरी योजनामा समावेश गर्ने ।(लैङ्गिक हिंसामा शून्य सहनशीलता) समेत । | लैससास कार्यान्वयन समिति | नगरपालिकाको कार्यालय | योजना शाखा |  | नपर्ने |
| २ | **संस्थागत विकास** |  |  |  |  |  |
| २.१ | निर्णायक तह, समिति तथा उपसमितिहरूमा महिला तथा लक्षित समुदायको समान प्रतिनिधित्व सुनिश्चित गर्ने | विषयगत शाखा | नगरपालिकाको कार्यालय | सामाजिक विकास शाखा |  | नपर्ने |
| २.२ | सेवा प्रवाहलाई समावेशी बनाउन लक्षित समुदायको भाषा, संस्कृति र संवेदनशीलता बुझ्ने महिला | लैससास कार्यान्वयन समिति | नगरपालिकाको कार्यालय | योजना शाखा |  | नपर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा सम्बन्धित जनशक्ति समावेश गर्ने। | | | | | |
| २.३ | कार्यालय तथा सेवा केन्द्रमा हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार र महिला हिंसा रोकथामका लागि आचारसंहिता निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने व्यवस्था लागू गर्ने। | लैससास कार्यान्वयन समिति | नगरपालिका | अनुगमन समिति, वडा कार्यालय | | नपर्ने |
| २.४ | योजना तर्जुमा, अनुगमन तथा निर्णय प्रक्रियामा लैससास कार्यान्वयन समिति र अन्य समितिहरूमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको अर्थपूर्ण सहभागिता गराउने। | योजना शाखा | नगरपालिका | वडा कार्यालय, विषयगत शाखा | | नपर्ने |
| २.५ | खण्डीकृत तथ्यांक तथा समावेशी सूचना प्रणालीका आधारमा योजना तर्जुमा, बजेट विनियोजन तथा लक्षित समूह गरी पहिचान र कार्यक्रम सञ्चालन गर्ने। | योजना शाखा | | वडा कार्यालय, उपभोक्ता समिति | | नपर्ने |
| **३** | **मानव संसाधन तथा क्षमता विकास** | | | | | |
| ३.१ | मानव संसाधन विकास केन्द्र, इकाइको सुदृढीकरण गरी लैससास सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | लैससास कार्यान्वयन समिति | नगरपालिकाको कार्यालय | सामाजिक विकास शाखा | | पर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२ | महिला तथा लक्षित समूहका लागि लोक सेवा आयोग पूर्व तयारी कक्षा तथा रोजगार/सीप विकासमुखी कार्यक्रम सञ्चालन गर्ने। | लैससास कार्यान्वयन समिति | नगरपालिका | वडा कार्यालय, न | | पर्ने |
| ३.३ | जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालालाई बेइजिङ्ग घोषणापत्र, नेपालको संविधान, सम्बन्धित ऐन, कानून तथा लैससास सम्बन्धी विषयमा नियमित अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने। | लैससास कार्यान्वयन समित | नगरपालिका | नगरपालिकाको कार्यालय | | षर्ने |
| ३.४ | लैङ्गिक हिंसा, सामाजिक कुरीति (बाल विवाह, छाउपडी, दाइजो, छुवाछुत आदि) न्यूनीकरण गर्न "लैङ्गिक हिंसा मुक्त वडा तथा स्थानीय तह" घोषणाको पहल गर्ने । | लैससास कार्यान्वयन समिति | नगरपालिका | नगरपालिकाको कार्यालय, वडा कार्यालय | | पर्ने |
| ३.५ | विपद् व्यवस्थापनमा लैससास मूलप्रवाहीकरण गर्दै नीति निर्माण, तथ्याङ्क व्यवस्थापन, राहत वितरण, कोष सञ्चालन तथा समुदाय सहभागितामा महिला तथा लक्षित समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | नगरपालिका | वडा कार्यालय, नगरपालिकाको कार्यालय | | नपर्ने |
| ४ | **सेवा प्रवाह** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१ | विद्यालयमा सबै बालबालिकाको पहुँच तथा भर्ना सुनिश्चित गर्ने | शिक्षा शाखा | नगरपालिका | वडा कार्यालय | | नपर्ने |
| ४.२ | लैससासमैत्री शिक्षा पूर्वाधार तथा सेवा सुधार गर्ने | योजना शाखा | नगरपालिका | योजना शाखा, वडा कार्यालय | | पर्ने |
| ४.३ | लैङ्गिक तथा अपाङ्गतामैत्री सार्वजनिक पूर्वाधार निर्माण (स्तनपान कक्ष समेत) | योजना शाखा | नगरपालिका | वडा कार्यालय, योजना शाखा | | पर्ने |
| ४.४ | सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) प्रवर्द्धन | योजना शाखा | नगरपालिका | वडा कार्यालय | | पर्ने |
| ४.५ | महिला सशक्तिकरण, शिक्षा र प्राविधिक क्षमता विकास कार्यक्रम | सामाजिक विकास शाखा | नगरपालिका | महिला तथा बालबालिका शाखा | | पर्ने |
| **५** | **सुशासन तथा उत्तरदायित्व** | | | | | |
| ५.१ | स्थानीय भाषाहरूमा समेत सूचना तथा सन्देशहरू सबैले बुझ्ने गरी प्रसारण गर्ने तथा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | सूचना शाखा | नगरपालिका | सूचना शाखा | | पर्ने |
| ५.२ | सहभागितामूलक सुशासन तथा सार्वजनिक उत्तरदायित्व प्रणाली व्यवस्थित गर्न सामाजिक परीक्षण गर्ने | सामाजिक विकास शाखा | नगरपालिकाको कार्यालय | सामाजिक विकास शाखा | | पर्ने |
| ५.३ | लैससास उत्तरदायी कार्यक्रम एवम् अन्तर्राष्ट्रिय प्रतिबध्दताहरूको | सामाजिक विकास शाखा | नगरपालिकाको कार्यालय | सामाजिक विकास शाखा | | पर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयनका लागि बजेट विनियोजन निरन्तर गर्ने । | | | | | |
| ५.४ | अनुगमनब मूल्यांकनबाट प्राप्त सिकाइ र सुझावहरूको कार्यान्वयन गर्ने | योजना शाखा | नगरपालिकाको कार्यालय | नगरपालिकाको एवम् वडा कार्यालय | | नपर्ने |

# ५ निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

नेपालको संविधानले परिकल्पना गरेको समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणको लक्ष्य प्राप्तिका लागि स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई संस्थागत गर्न स्थानीय तहले नीति, योजना, बजेटले सम्बोधन गरेको हुन्छ । परीक्षणको क्रममा पालिकाका नीति, योजना र बजेटसँग सम्बन्धित अभिलेखहरूका अधारमा लैससास संस्थागत भए नभएको विश्लेषण गरिएको छ ।

त्रियुगा नगरपालिका लैङ्गिक तथा सामाजिक समावेशी परीक्षणको दृष्टिकोणले उत्तम अवस्थामा रहेको देखिन्छ । आ.व. २०८१ ०८२ को लैससास परीक्षणको नतिजामा पालिकाले ६७ अंक प्राप्त गरेको छ । विगतका वर्षहरूको तुलनामा यस वर्ष थप २ अंक सुधार भएको अवस्था रहेको छ । परीक्षणको क्रममा विश्लेषण भएका १०० सूचकहरू मध्ये ३७ वटामा १ अंक प्राप्त भएको छ, ती सूचकहरूको प्रभावकारीतालाइ पालिकाले थप सुदृढ गर्दै निरन्तरता दिनु पर्नेछ । बाँकी सूचकहरूको प्रभावकारी कार्यान्वयनका नीति, योजना, कार्यक्रम तर्जुमा तथा सेवा प्रवाहका विभिन्न पक्षमा लैससासलाई समेट्ने प्रयास गर्दै जानुपर्ने देखिन्छ । विविधतायुक्त सामाजिक संरचनाबीच समान अवसर, समान पहुँच, सहभागिता र लाभको सुनिश्चितता गर्दै स्थानीय शासन प्रणालीलाई थप समावेशी र उत्तरदायी बनाउन पालिकाको संस्थागत अभ्यास अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

परीक्षणबाट स्रोत, साधन, अवसर र लाभको वितरणमा सबै वर्ग, समुदाय र क्षेत्रको समन्यायिक पहुँच पूर्ण रूपमा सुनिश्चित गर्न लैससाससम्बन्धी खण्डीकृत तथ्याङ्क तथा सूचनाको व्यवस्थापन र प्रयोग गरी विकासको मूल प्रवाहमा नसमेटिएको वर्ग र समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणमा थप प्रयास गर्न आवश्यक रहेको देखिएको छ। त्यसैगरी, नीति निर्माण, योजना तर्जुमा, बजेट विनियोजन तथा निर्णय प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका लक्षित समुदायको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

यसका साथै, लैससाससम्बन्धी साझा बुझाइ विकास गर्ने, सरोकारवाला निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्ने, स्रोत तथा अवसरमा पछाडि परेका समुदायको पहुँच विस्तार गर्दै नीति, योजना तथा बजेट तर्जुमा प्रकृयामा अर्थपूर्ण सहभागिताको अवस्था सिर्जना गर्ने, वार्षीक वजेटले सामाजिक तथा आर्थिक असमानता

न्यूनीकरण गर्ने तथा संस्थागत संरचनामा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिरहनु पर्ने विषयहरू रहेका छन् । यी विषयहरूको सम्बोधन गर्न पालिकाले लैससासलाई नीति, संरचना, कार्यक्रम, बजेट, अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप संस्थागत गर्दै परीक्षणले प्रस्तुत गरेको सुधारात्मक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । पालिकाले अवलम्बन गरेका नीति, योजना, कार्यक्रम र वार्षीक बजेटका कारण सुधारको सम्भावना बढ्दै गएको देखिन्छ ।

## ५.२ सुझावहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट पहिचान भएका सबल पक्षहरूलाई थप सुदृढ गर्दै सुधार आवश्यक रहेका क्षेत्रहरूको सम्बोधनका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

- नीति, कानुन तथा योजना तर्जुमा प्रक्रियामा महिला तथा सामाजिक रूपमा पछाडि परेका समुदायहरूको अर्थपूर्ण र निर्णयमूलक सहभागिता सुनिश्चित गर्न संस्थागत व्यवस्था थप सुदृढ गर्न आवश्यक देखिन्छ।
- कार्यान्वयनमा रहेका ऐन, नियम तथा कार्यविधिहरूमा रहेका विभेदकारी पक्षहरू पहिचान गरी सबै प्रकारका लैङ्गिक तथा सामाजिक विभेद न्यूनीकरण हुने गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने देखिन्छ। बजेट, योजना तथा सूचना प्रणालीलाई लैससासमैत्री बनाउन लैङ्गिक संकेतक, समावेशी बजेट ट्र्याकिङ प्रणाली र खण्डीकृत तथ्याङ्कमा आधारित योजना तथा स्रोत विनियोजनलाई संस्थागत गर्नुपर्ने आवश्यकता देखिन्छ।
- दीगो विकास लक्ष्य (विशेष गरी लक्ष्य नं. ५) तथा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जारी प्रतिबध्दताहरूको स्थानीयकरण गर्दै थप प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । लैङ्गिक हिंसा, सामाजिक कुरीति तथा विभेद न्यूनीकरणका लागि उजुरी व्यवस्थापन प्रणाली (हटलाइन/टोल फ्री) र आचारसंहिता कार्यान्वयनलाई थप प्रभावकारी र पहुँचयोग्य बनाउने । लैससास कार्यान्वयन संयन्त्र (GESI Focal Person/समिति) को क्षमता अभिवृद्धि, नियमित बैठक, स्पष्ट कार्य जिम्मेवारी तथा छुट्टै क्षमता विकास योजना मार्फत यसको संस्थागत भूमिका सुदृढ गर्ने ।
- सामाजिक उत्तरदायित्वका औजारहरू (सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेस्रो पक्षीय अनुगमन) बाट प्राप्त सुझावलाई नीति तथा कार्यक्रम सुधारमा अनिवार्य रूपमा प्रयोग गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका लागि कानुनी, नीति तथा लैससास सम्बन्धी नियमित अभिमुखीकरण, सिकाइ भ्रमण र कार्यस्थलमf आधारित तालिमलाई संस्थागत गर्नुपर्ने आवश्यकता देखिन्छ।
- सेवा प्रवाहलाई सामाजिक समावेशी, अपांगतामैत्री बनाउन लक्षित समूहका लागि पहुँचयोग्य सेवा प्रणाली र संवेदनशील सेवा संस्कृतिको विकास गर्ने र यसलाई निरन्तरता दिने

लैससास परीक्षणबाट प्राप्त निष्कर्ष तथा प्रस्तुत सुझावहरूले त्रियुगा नगरपालिकाको नीति, योजना, बजेट तथा सेवा प्रवाह प्रणालीलाई थप समावेशी, उत्तरदायी र प्रभावकारी बनाउन मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ। यस प्रतिवेदनमा समेटिएका निष्कर्ष र सुझावहरूको प्रभावकारी कार्यान्वयनबाट स्थानीय शासन प्रणालीमा समावेशीता, समानता र सामाजिक न्यायलाई संस्थागत गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। यस प्रतिवेदनलाई सम्बन्धित सरोकारवाला निकायहरूले नीतिगत सुधार, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका क्रममा उपयोग गर्नेछन् भन्ने अपेक्षा गरिएको छ।

# अनुसूचि १ सूचक अनुसार प्राप्तांक - आ. व. २०८१-०८२

| बिषय क्षेत्र | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| **१ नीति, कानुन र योजना** | | | २० | १४.५ |
| **नीति र कानूनमा समावेशिता, सहभागिता** | १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | ०-१ | ०.५ |
| | १.१.२ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजेखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरे /नगरेको । | ०-१ | ०.५ |
| | १.१.३ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भए /नभएको । | ०-१ | १ |
| | १.१.४ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | ०-१ | ०.५ |
| | १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किसोरी बालिकाहरू तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको/ नराखिएको । | ०-१ | ०.५ |
| | १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए / नमिलाएको | ०-१ | १ |

| | | | | |
|---|---|---|---|---|
| | १.१.७ | स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे । नरहेको । | ०-१ | ०.५ |
| | १.१.८ | स्थानीय तहको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | ०-१ | ०.५ |
| योजना तर्जुमा तथा कार्यान्वयन | १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | ०-१ | १ |
| | १.२.२ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको । | ०-१ | ०.५ |
| | १.२.३ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे / नगरेको । | ०-१ | १ |
| | १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/ नगरेको । | ०-१ | १ |
| | १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको । | ०-१ | १ |

| | | | | |
|---|---|---|---|---|
| | १.२.६ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको । | ०-१ | ०.५ |
| | १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने / नबनेको । | ०-१ | १ |
| | १.२.८ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए। नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए / नदिएको । | ०-१ | १ |
| बजेट तर्जुमा तथा कार्यान्वयन | १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए / नगरिएको । | ०-१ | १ |
| | १.३.२ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/ नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | ०-१ | १ |
| | १.३.३ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए /नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | ०-१ | ०.५ |
| | १.३.४ | स्थानीय तहको वार्षिक बिकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन गर्ने गरिए /नगरिएको । | ०-१ | ०.५ |
| **२. संस्थागत व्यवस्था** | | | २० | **१३.५** |

| | | | | |
|---|---|---|---|---|
| कर्मचारी पदाधिकारी प्रतिनिधित्व | २.१.१ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/ कर्मचारी) को समानरुपमा ( ५०/५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको | ०-१ | ०.५ |
| | २.१.२ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/ नलिएको र सो बमोजिम कार्यान्वयन भए/नभएको । | ०-१ | १ |
| | २.१.३ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाइ सेवा प्रदान गर्दा सम्बन्धित लक्षित वर्ग वा समुदायको भाषासंस्कृति र रहनसहन बुझे ,को सासथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिध समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको । | ०-१ | ०.५ |
| | २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाइ क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमाम परेका समुदायलाइ पहिलो प्राथमिकता दिइ सबैलाइ समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए/नलिएको तथा उक्त नीति कार्यान्वयन गरिए /नगरिएको । | ०-१ | १ |
| कार्यप्रणाली समावेशी | २.२.१ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे /नरहेको । | ०-१ | १ |
| | २.२.२ | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ।छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरे /नगरेको । | ०-१ | १ |
| | २.२.३ | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे / नगरेको । | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/ नभएको र यस समितिले वडा तथा वस्तीस्तरमा योजाना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे /नगरेको | ०-१ | ०.५ |
| समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | २.३.१ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे / नरहेको । | ०-१ | १ |
| | २.३.२ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रियरूपमा भागलिन पाए /नपाएको | ०-१ | ०.५ |
| | २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे /नगरेको । | ०-१ | ०.५ |
| | २.३.४ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | २.४.१ | स्थानीय तहमा लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए /नभएको । | ०-१ | ०.५ |
| | २.४.२ | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | | वजेटको व्यवस्था भएको/ नभएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/नगरेको । | | |
| | २.४.३ | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र सञ्चालनको लागि आवश्यक जनशक्ति लगायत अन्य स्रोत सासधनकोलागि वजेटको व्यवस्था भए/नभएको र सो अनुसार कार्य भए/नभएको । | ०-१ | १ |
| | २.४.४ | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने गरे/ नगरेको । | ०-१ | ०.५ |
| तथ्याङ्क सङकलन तथा व्यवस्थापन | २.५.१ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन तथा अध्यावधिक गर्ने गरेको/नगरेको | ०-१ | ०.५ |
| | २.५.२ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे /नगरेको । | ०-१ | ०.५ |
| | २.५.३ | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरे/नगरेको । | ०-१ | ०.५ |
| | २.५.४ | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गरे /नगरेको । | ०-१ | १ |
| **३ मानव संशधन तथा क्षमता विकास** | | | २० | १३ |
| मानव संसाधन तथा क्षमता विकास | ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए /नआएको । | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | ३.१.२ | स्थानीय तहका पदाधिकारी/कमर्चारी/ लक्षित समूहले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा निवारणसम्बन्धी तालिम लिए/नलिएको र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गरे/नगरेको । | ०-१ | १ |
| | ३.१.३ | तालिमका विषयवस्तुमा महिलाका आवश्यकतथा सवालहरू समेटिए/नसमेटिर्को र प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग भए/नभएको तथा तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिए/नलिएको | ०-१ | १ |
| | ३.१.४ | स्थानीय तहमा महिला तथा लक्षित समुहका पदाधिकारीको क्षमता अभिवृध्दिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण आदिमा वजेट विनियोजन भइ कार्यक्रम सञ्चालन भए/नभएको | ०-१ | १ |
| | ३.१.५ | स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम सञ्चालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भए/नभएको | ०-१ | १ |
| | ३.१.६ | स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/ शाखा/इकाइको व्यवस्था भए/नभएको र ती निकायमा नशक्ति व्यवस्था गरे/नगरेको | ०-१ | ०.५ |
| | ३.१.७ | स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र सो कार्यक्रम कार्यान्वयन भए /नभएको | ०-१ | ०.५ |
| | ३.१.८ | महिला हक हित र अधिकारसम्बन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका बाह्रवटा प्रतिवद्दताका सम्वन्धमा स्थानीय तहका पदाधिकारी/ कर्मचारीलाई जानकारी भए/नभएको र सोको अभिमुखीकरण गरे/नगरेको | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ३.२.१ | महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरे/नगरेको | ०-१ | १ |
| | ३.२.२ | लैङ्गिक हिँसा मुक्त गाऊँ/नगरपालिका घोषणा गरे/नगरेको र महिला हिंसा विरुद्ध शून्य सहनशीलताको निति लिए/नलिएको | ०-१ | ०.५ |
| | ३.२.३ | स्थानीय तहले महिला विरुध्द हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमहरू सञ्चालन गरे/नगरेको | ०-१ | १ |
| | ३.२.४ | स्थानीय तहले समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि) हटाउन कार्यक्रमहरू सञ्चालन गरे/नगरेको । | ०-१ | ०.५ |
| कानूनी साक्षरता | ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, स्थानीय तहले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गरे/ नगरेको | ०-१ | ०.५ |
| | ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गरे /नगरेको । | ०-१ | ०.५ |
| | ३.३.३ | स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिँसा, आदि) सञ्चालन भए/नभएको । | ०-१ | ०.५ |
| | ३.३.४ | स्थानीय तहमा महिलाको लागि संचालित कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | | यौनहिँसा, आदि) बाट उनीहरु लाभान्वित भए/नभएको । | | |
| विपद व्यवस्थापनमा समावेशिता | ३.४.१ | स्थानीय तहले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गरे/ नगरेको र यस्ता दस्तावेजमा उक्त वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राखे/नराखेको । | ०-१ | ०.५ |
| | ३.४.२ | स्थानीय तहमा विपद सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गरे /नगरेको । | ०-१ | ०.५ |
| | ३.४.३ | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराइ उनीहरूलाई पहिलो प्राथमिकतामा राखे/नराखेको । | ०-१ | ०.५ |
| | ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| **४ सेवा प्रवाह** | | | २० | १४ |
| पूर्वाधार विकास | ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संबेदनशील संरचनाको प्रावधान सहित हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| | ४.१.२ | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | | भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरे/नगरेको । | | |
| | ४.१.३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधानसहित विकृति दिने गरेको तथा सो बमोजिम निर्माण कार्य हुने गरे/नगरेको । | ०-१ | १ |
| | ४.१.४ | स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालन गरे/नगरेको । | ०-१ | १ |
| प्रजनन् स्वास्थ्य | ४.२.१ | प्रजनन् स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यान्वयन गरे /नगरेको । | ०-१ | ०.५ |
| | ४.२.२ | स्थानीय तहको कार्यालय अस्पाताल ,वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरे नगरेको र सो को कार्यान्वयन भए/नभएको । | ०-१ | ०.५ |
| | ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू (सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, | ०-१ | १ |

| | | | | |
|---|---|---|---|---|
| | | पाठेघरको क्यान्सर र आङ्ग खस्ने लगायतका विषयहरू सञ्चालन गरे/नगरेको । | | |
| | ४.२.४ | महिला, आर्थिकररूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरे/नगरेको तथा सोको कार्यान्वयन गरे/नगरेको । | ०-१ | १ |
| शिक्षा कार्यक्रम | ४.३.१ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए /नमिलाएको र सो उमेर समूहका सबै बालबिलकाहरू विद्यालय भर्ना भए/नभएको । | ०-१ | ०.५ |
| | ४.३.२ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाए /नमिलाएको । | ०-१ | १ |
| | ४.३.३ | निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने नीति तथा बजेट र कार्यक्रम भए/नभएको तथा सो अनुरूप कार्यक्रमहरू (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि ) कार्यान्वयन भए / नभएको । | ०-१ | ०.५ |
| | ४.३.४ | विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरी प्याड, साबुन लगायत आवश्यक सामग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरे /नगरेको | ०-१ | ०.५ |
| खानेपानी तथा सरसफाइ | ४.४.१ | स्थानीयतहका कार्यालय तथा सार्वजनिकस्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्था र साबुन तथा स्यानीटाइजर आदिकोप्रवन्ध गरे /नगर्रेको । | | |
| | ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, पिउने पानि पोखरी टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/ नगरेको । | ०-१ | ०.५ |
| | ४.४.३ | स्थानीय तहका सबै गाउँ, बस्ती तथा टोल टोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारि, कौसिखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृध्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| | ४.४.४ | स्थानीय तहका गाउँटोल वस्तीहरूमा सफापानी ,को सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ जस्ता कार्यक्रम स्वीकृत भए/नभएको र ती कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४.५.१ | स्थानीय तहको आवधिक योजना बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरे/नगरेको । | ०-१ | १ |
| | ४.५.२ | स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरे /नगरेको । | ०-१ | १ |

| | | | | |
|---|---|---|---|---|
| | ४.५.३ | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रर्विधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषयसम्बन्धी प्राविधिक र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरुप कार्यक्रम सञ्चालन गरे /नगरेको । | ०-१ | ०.५ |
| | ४.५.४ | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे /नरहेको र सो अनुरूप कार्यक्रम कार्यान्वयन भए /नभएको । | ०-१ | ०.५ |
| **५ सुशासन र उत्तरदायित्व** | | | २० | १३.५ |
| सुशासन | ५.१.१ | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/समिति/कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको वा तदर्थ (पटके/स्वेच्छाअनुरूप) निर्णय गरी कार्य हुने गरेको । | ०-१ | १ |
| | ५.१.२ | स्थानीय तहले विधिको शासन प्रवर्धनन र जनसहभागिता अभिवृध्दी, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता,सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिइ सो बमोजिम कार्यान्वयन गरे/नगरेको । | ०-१ | ०.५ |
| | ५.१.३ | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको । | ०-१ | ०.५ |
| | ५.१.४ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरूपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गरे/नगरेको । | ०-१ | १ |
| उत्तरदायित्व र जवाफदेहिता | ५.२.१ | स्थानीय तहले नियमितरुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे /नगरेको । | ०-१ | १ |

| | | | | |
|---|---|---|---|---|
| | ५.२.२ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे /नगरेको | ०-१ | ०.५ |
| | ५.२.३ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा प्रश्न उठ्ने गरे/नगरेको र सोको अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाट सम्बोधन हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| | ५.२.४ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए /नल्याएको । | ०-१ | ०.५ |
| सूचना तथा संचार | ५.३.१ | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरे /नगरेको र महिला, लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे /नगरेको । | ०-१ | १ |
| | ५.३.२ | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे / नगरेको । | ०-१ | ०.५ |
| | ५.३.३ | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरे/नगरेको | ०-१ | १ |
| | ५.३.४ | स्थानीय तहमा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको /नभएको । | ०-१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन | ५.४.१ | स्थानीय तहबाट सञ्चालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सके/नसकेको । | ०-१ | ०.५ |
| | ५.४.२ | स्थानीय तहले सञ्चालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरे/नगरेको | ०-१ | ०.५ |
| | ५.४.३ | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसँग सम्बन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरे/नगरेको । | ०-१ | ०.५ |
| | ५.४.४ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरे/नगरेको । | ०-१ | १ |
| समन्वय र सम्बन्ध बिस्तार | ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरे /नगरेको | ०-१ | १ |
| | ५.५.२ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भइ कार्यगत छलफल हुने गरे /नगरेको । | ०-१ | ०.५ |
| | ५.५.३ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गरे / नगरेको । | ०-१ | ०.५ |
| | ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे /नगरेको । | ०-१ | ०.५ |

त्रियुगा नगरपालिकाद्वारा आर्थिक वर्ष २०८१/०८२ को नीति, बजेट र कार्यक्रमको लक्ष्य उद्देश्य अनुसार समावेशी तथा लैङ्गिकमैत्री भए नभएको लेखाजोखा, सामाजिक जवाफदेहिता का साथै पारदर्शिता गर्ने अभिप्रायले २०८२।१२।१४ गते त्रियुगा नगरपालिकाको नगर उप-प्रमुख श्री महेश्वरी राई ज्यू को अध्यक्षतामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) तपसिल बमोजिमको उपस्थितीमा संचालन गरियो।

तपसील

| क्र. सं. | नाम थर | पद/संस्था | म | पु | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री महेश्वरी राई | उप-प्रमुख त्रि.न.पा. | | | |
| २. | श्री कुमार प्रसाद कोइराला | प्रमुख प्रशासकीय अ. | | ✓ | |
| ३. | श्री विष्णु खत्री | आधिकृत आठौं | | ✓ | |
| ४. | [illegible] | अ. लेप ३ | | ✓ | |
| ५. | गुञ्जन कार्की | इन्जिनियर | | ✓ | |
| ६. | विदुर दुवेडी | — | | | |
| ७. | राज कुमार खड्का | सा. वि. शाखा प्रमुख | | ✓ | |
| ८. | मित्र कुमारी राउत | शिक्षा शाखा प्रमुख | ✓ | | |
| ९. | हिमाल पराजुली | अधिकृत छैटौं | | ✓ | |
| १०. | इ. निर्मल कुमार विश्वकर्मा | इन्जिनियर सातौं | | ✓ | |
| ११. | विश्वजित राई | आधिकृत आठौं | | ✓ | |
| १२. | सन्तोष कोइराला | अ. छैटौं | | ✓ | |
| १३ | इन्दु मगर चौधरी | प्रवि. अ. | | ✓ | |
| १४ | विजय साह | अ.हे. नमूना प्र.को प्रशासक | | ✓ | |
| १५. | रोजिना खतिवडा | अधिकृत छैटौं | ✓ | | |
| १६ | प्रमिला दनकी | श्रम सूचना केन्द्र | ✓ | | |
| १७ | जमुना कुमारी सदा | रोजगार संयोजक | ✓ | | |
| १८ | अवध नारायण चौधरी | स्वा. शाखा प्रमुख | | ✓ | |
| १९ | पुनम कुमारी महतो | सहायक कम्प्युटर अपरेटर | ✓ | | |
| २० | निर्मला ढकाल | [illegible] | ✓ | | |
| २१ | मीन कुमारी राई | को.शा. स.३.प. | ✓ | | |
| २२ | मेनुका कार्की | वित्तीय सञ्जाल | ✓ | | |

| क्र.सं. | नाम थर | पद / संस्था | म. | पु. | दस्तखत |
|---|---|---|---|---|---|
| २३ | सविता बस्नेत | | | | |
| २४. | बिजना बस्नेत | मनोसामाजिक परामर्श | म | | [illegible] |
| २५. | रवीन्द्र पोखरेल | जिल्ला कार्यक्रम संयोजक | | | [illegible] |
| २६. | शिरोमणी खतिवडा | के.अ. उप-इकाई संयोजक | | पु. | [illegible] |
| २७. | कमला राउत | पंजीकरण | | पु | [illegible] |
| २८. | सुस्मिता चौधरी | WOREC | म | | [illegible] |
| २९ | अनिता साह | सामाजिक विकास शाखा | ✓ | | [illegible] |
| ३० | बलदेव विश्वकर्मा | " | ✓ | | Anita |
| ३१ | अम्बिका भट्टराई | कार्यपालिका सदस्य | ✓ | | [illegible] |
| ३२. | अर्पण आचार्य | कर्मचारी | म | | [illegible] |
| ३३. | सुस्मिता शर्मा | के.अ. त्रिनपा | | पु | [illegible] |
| ३४ | सुस्मिता के.सी. | शिक्षा अधिकृत | म | | [illegible] |
| ३५ | दिपेन्द्र खत्री | पोषण सहजकर्ता | म | | [illegible] |
| ३६ | बसन्त खड्का | कं.अ. | | पु | [illegible] |
| ३७ | विनिता चौधरी | का.स. | | | [illegible] |
| ३८ | निशा ओली | नगरप्रहरी | म | | [illegible] |
| ३९ | हिमाल खड्का | " | म | | [illegible] |
| ४० | रोशन खड्का | योजना शाखा | पु | | [illegible] |
| ४१ | हिरा नेपाली | नगर प्रहरी | | | हिरा |
| ४२ | निर्मला पोखरेल | सरसफाई | म | | निर्मला |
| ४३ | ममता डोम | " | | | ममता |
| ४४ | सिर्जना राई | का.स. | | | [illegible] |
| ४५ | मैया खत्री | का.स | | | मैया |
| ४६ | कृष्ण बस्नेत | नगरप्रहरी | | | [illegible] |
| ४७ | पेलमान वि.क. | " | | | [illegible] |
| ४८ | बसन्ती चौधरी | " | म | | [illegible] |
| ४९ | सोविता बोटे | " | | | [illegible] |
| ५० | अम्बिका चौलागाईं | " | म | | [illegible] |
| ५१ | तिर्थ कार्की | ने.वि.ति. | | | [illegible] |
| ५२ | फुलकुमारी चौधरी | नगर प्रहरी | | | [illegible] |
| ५३ | मनिषा राई | | | | [illegible] |
| ५४ | लाल ब. | कर्मचारी | | | [illegible] |

## सन्दर्भ सामग्रीहरू


त्रियुगा नगरपालिका, डिजीटल प्रोफाइल, https://triyugamun.digitalprofile.com.np

दलित सशक्तिकरण र विकास ऐन २०८०

त्रियुगा नगरपालिकाको लैङ्गिक नीति तथा कार्ययोजना २०७९

त्रियुगा नगरपालिकाको सामाजिक समावेशीकरण नीति २०७९

बालअधिकार संरक्षण तथा संवर्धन सम्बन्धी कार्यविधि २०७९

स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि २०७९

बालमैत्री स्थानीय शासन तथा वाल संरक्षण कार्यविधि २०७९

विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७९

त्रियुगा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम २०८१/०८२

त्रियुगा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम २०८२/०८३

त्रियुगा नगरपालिकाको वार्षिक बजेट २०८१/०८२

लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि तथा लैङ्गिक हिंसा उद्धार कोष सञ्चालन कार्यविधि, २०७९।

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तथा उपभोक्ता समितिको गठन प्रक्रिया, निर्णय तथा अभिलेखहरू।

त्रियुगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक परीक्षण प्रतिवेदन २०८१

सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणसम्बन्धी प्रतिवेदन तथा अभिलेखहरू

त्रियुगा नगरपालिकाको पार्श्वचित्र (Profile) तथा आधारभूत तथ्याङ्कसम्बन्धी दस्तावेजहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८

कोशी प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०८१

त्रियुगा नगरपालिकाको वेवसाइट, https://triyugamun.gov.np/

National Population and Housing Census https://censusresults.nsonepal.gov.np/downloads/provincial/१?type=report